## फसल काट्ने र थन्काउने

फापरको दाना भुइँमा झर्नवाट जोगाउनको लागि समयमै यसको कटाई गर्न आवश्यक छ। सामान्यतया उच्च उचाइमा गर्ने खेतीमा ढिलो फसल काट्ने देखिन्छ भने मध्य र कम उचाइमा प्रारम्भिक तहर फसल काट्ने गरिन्छ। यदि फसल काट्न ढिलो भयो भने, दाना भुइँमा झर्न थाल्छ जसले फसलमा ठूलो नोक्सान निम्त्याउन सक्छ । बालीलाई होसियारीपूर्वक काटेर थन्क्याईएन भने फसलमा 25 प्रतिशत सम्मको क्षति पनि हुनसक्छ । जब 50 प्रतिशत दाना परिपक्वताका साथ छीप्पेपछी फसल काटन योग्य हुन्छ । काटिसकेपछि बीउ राम्ररी सुकाएर 20 प्रतिशत वा कम चिस्यानमा राख्नुपर्छ। फापरको सुरक्षित भण्डारण को लागी अलिक तातो जग्गामा रख्नु पर्दछ। अत्याधिक परिपक्व बीउ चिसो या न्यानो इस्थानमा भए या एस्तो सम्पर्कमा हुँदा धैरै चाँडै उम्रने गर्दछ किनकि फापर्को बीउहरूमा छीटो उम्रने विशेषताहरू हुन्छन् ।

**Published by**

Department of Horticulture, Sikkim University
6th Mile Tadong, Gangtok District, 737102
lsharma@cus.ac.in

**Under the project**
Conservation, Promotion and Intensification of Local Crop Landraces or Germplasm for Livelihoods of Organic Farmers in Sikkim

**Sponsored by:**

NATIONAL MISSION ON ORGANIC MISSION
Ministry of Environment, Forest & Climate Change, Govt. of India
NMHS Nodal Institute: G.B. Pant National Institute of Himalayan Environment & Sustainable Development (GBPNIHESD)

Cite: Sharma K N and Sherpa P. 2020. Cultivation practices of Buckwheat (Pamphlet). Department of Horticulture, Sikkim University.

सिक्किम विश्वविद्यालय
स्थापित - २००७

Extension Bulletin-08/NMHS/2020

# फापरको खेति



Authors
Khom Nath Sharma and Pema Sherpa

Department of Horticulture, Sikkim University
6th Mile Tadong, Gangtok District, 737102
lsharma@cus.ac.in

## परिचय

फापर (*Fagopyrum esculentum*) एक महत्त्वपूर्ण पहाडी भेगमा पाइने  अन्न हो जो प्राय जसो फापर्लाइ यसको पिठो र हरियो सब्जिको लागि उब्जनी गरिन्छ । यसले झारपातलाई निखारने र माटोको उर्वराशक्ति बढाउनको लागि कभर(cover) बालीको रूपमा पनि बाली लगाइने गरिन्छ । फापरको फूलहरू डालिमा प्रशस्त रूपमा हुने गर्दा , यसलाई मौरी पालनकर्ताहरूले आकर्षक बालीको रूपमा लोकप्रिय बनाउँदैछन। यसमा प्रोटिन र खनिज लगायतका आवश्यक पोषक तत्वहरूले भरिपूर्ण भएकाले यसको सब्जी तथा पिठो स्वस्थको लागि लाभदायक हुनेगर्छ । फापर छोटो-मौसममा हुने बालीको रूपमा जानीन्छ र यो फेब्रुअरी-अक्टोबरमा बाली लगाईने गरिन्छ ।

## माटो र हावापानी

फापर धैरै किसिमको माटोमा हुने बिरुवा हो माटोको प्रकार र उर्वरता स्तर यस्को लाघी धैरै लाभदायक हुने गर्दछ । यसले बाँझो, कम निकास भएको माटोमा अन्य अन्नभन्दा राम्रो बाली उत्पादन गर्छ। यो धैरै परिस्थितिहरूमा राम्रोसँग बढ्छ तर धैरै हावा वा झरी वर्षाको अधीनमा हुँदा र धैरै उर्वर माटोमा हुर्किंदा बाली लड्ने वा नस्ट हुने गर्दछ त्यसैले यसलाई बाक्लो रोप्ने गरिन्छ। यो हल्का देखि मध्यम बनावटको, राम्रो निकास भएको माटो जस्तै बलौटे दोमट, दोमट र नुनिलो माटोहरुमा सबैभन्दा उपयुक्त हुन्छ ।

## बारीको तयारी

बारी एकपटक गहिरो मात्रमा जोतेर तयार गरिन्छ र त्यसपछि दुइपटक दाँदे लागाईन्छ ता कि जमिन सम्म बसोस यसो गर्नाले बीउ राम्रोसँगले उम्रने गर्दछ। यसले बालीलाई स्थापना र प्रारम्भिक वृद्धिको उच्च दर प्राप्त गर्न पनि मद्दत गर्नेगर्दछ। ढाकिएको बाली भएकोले, यसलाई व्यापक जमिनको तयारीको आवश्यकता पर्दैन र कम्ती मात्रमा जोतिएको माटोमा पनि राम्रोसँग बढ्न सक्छ।

## गोडमेल

फापरमा रोप्दा उच्च बीउ दर सामान्यतया धैरै छर्ने गरिन्छ त्यसैले राम्रो झार नियन्त्रण गर्नको लागि बारीमा बाक्लो बीउ छर्न उपयुक्ति हुन्छ। फापर रोपेको 4-5 दिन भित्रमा उम्रन थाल्छ। फापरको बिरुवाहरू अरु झारका लागि धैरै राम्रो प्रतिस्पर्धी हुन् र सामान्यतया छिटो बढ्ने गर्दछ । रोपेको 20-25 दिन भित्रमा एकखेप गोडमेल गर्दा बाली बढाउन पर्याप्त हुनछ। बिरुवाहरुको अन्तरमा दुरि भए या पातलो संख्या भए छीटो बाली लडने गर्द्छ तसर्थ, फापरको खेती गर्दा सिफारिस गरिएको छ कि बिरुवाको जनसंख्या इष्टतम राख्नु पर्छ ताकि उत्पादनमा कमी आउने छैन ।

## मलखाद

राज्यका कृषकहरूले सामान्यतया अन्य थप पोषक तत्वहरू जमिनमा परयोग नगरी अवशिष्ट उर्वरतामा फापरको उब्जाउन सक्षम भएको दखिन्छ। मलको उच्च प्रयोगले झारपातको दबाब सिर्जना गर्न सक्छ, अत्यधिक अरु झारपातहरुको वृद्धिलाई प्रोत्साहित गर्दछ, साथै बाली लड्नुको मुख्य कारण बनाउँछ, र अन्नको उत्पादन घटाउँछ।